महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

क्व्होलासोथार गाउँपालिका

लमजुङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

क्व्होलासोथार गाउँपालिका

लमजुङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

क्व्होलासोथार गाउँपालिका

लमजुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ७१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
क्होलासोथार गाउँकार्यपालिकाको कार्यालय,
लमजुङ ।

कैफियत सहितको राय

हामीले क्होलासोथार गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड १९ लाख ४७ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. ३ लाख ९२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५७ लाख १ हजार, नियमित गर्नुपर्ने रु १ करोड ५८ लाख ५४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २ करोड ७३ लाख ९३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ४ करोड ९३ लाख ४० हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु							
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३८	४३	२१९४७	०	०	०	३८	४३	२१९४७	३९२	१५८५४	५७०१	०	०	२१५५५	०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिकाको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
क्होलासोथार गाउँपालिका	२७३९३	०	०	२७३९३	०	२१९४७	४९३४०

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : क्होलासोथार गाउँपालिका, लमजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Trilok Chandra Gurung	२०७७-१२-२६	हाल सम्म कार्यरत
लेखा प्रमुख	Jeevan Sharma	२०७८-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	२१,९४७,३८१.८३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,१६,५९,८५८.१७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२०,५०,०२,६०१.१९	**चालु खर्च**	१९,६०,६०,९०७.०५
प्रदेश सरकारबाट अनुदान	२,०९,५६,२३०	**पूँजीगत खर्च**	८,०८,४०,७४०.१७
राजश्व बाँडफाँट	५,१२,४१,०३४.६३	**वित्तीय/अन्य व्यवस्था**	८,०३,४०,५१२.५३
आन्तरिक आय	३४,११,६२६.५		
अन्य आय	७,९५,६८,१०४.६४		
कुल आय	३६,०१,७९,५९६.९६	**कुल खर्च**	३५,७२,४२,१५९.७५
बाँकी मौज्दात		२,४५,९७,२९५.३८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।	
२			**परीचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। पालिका अन्तर्गत ९ वडा, ५२ सभा सदस्य तथा ८ हजार ८ जना जनसंख्या रहेका छन्। यसको क्षेत्रफल १७५.३७ वर्ग किलोमिटर रहेको छ।	
३			**संचित कोषको प्राप्ति र भुक्तानी** यस गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण देहायबमोजिम रहेको छ ।	

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत /सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		३२,४५,६१,५१७	२८,१८,९१,२७७.१६		२८,१८,९१,२७७.१६	२९,६९,९७,९१७.८४		२९,६९,९७,९१७.८४
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३२,२५,६१,५१७	२८,०२,५९,४९२.३२	०	२८,०२,५९,४९२.३२	२८,२८,६७,८५२.५४	०	२८,२८,६७,८५२.५४
११००० कर	११	५,८४,५७,०००	५,२१,५१,१३२.१३	०	५,२१,५१,१३२.१३	४,५६,६२,८१५.५४	०	४,५६,६२,८१५.५४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			१३००० अनुदान		२६,२५,३४,५१७	२२,५६,०६,८३१.१९	०	२२,५६,०६,८३१.१९	२३,५३,१९,७९२	०	२३,५३,१९,७९२	
			संघीय सरकार	१२	२३,९५,१४,०००	२०,५०,०२,६०१.१९	०	२०,५०,०२,६०१.१९	२१,२३,९३,३६७	०	२१,२३,९३,३६७	
			प्रदेश सरकार	१२	२,३०,२०,५१७	२,०६,०४,२३०	०	२,०६,०४,२३०	२,२९,२६,४२५	०	२,२९,२६,४२५	
			१४००० अन्य राजस्व		१५,७०,०००	२५,०१,५२९	०	२५,०१,५२९	१८,८५,२४५	०	१८,८५,२४५	
			ख. अन्य प्राप्ति		२०,००,०००	१६,३१,७८४.८४		१६,३१,७८४.८४	१,४१,३०,०६५.३०		१,४१,३०,०६५.३०	
			वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०	
			कोषहरु		२०,००,०००	१६,३१,७८४.८४	०	१६,३१,७८४.८४	१,३६,०७,१३६.८४	०	१,३६,०७,१३६.८४	
			धरौटी		०	०	०	०	५,२२,९२८.४६	०	५,२२,९२८.४६	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	
			भुक्तानी (ग+घ)		३४,३७,१६,९५३	२७,७६,८०,०५५.११		२७,७६,८०,०५५.११	२८,३३,१६,९१७.९९		२८,३३,१६,९१७.९९	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		३४,१७,१६,९५३	२७,६९,०१,६४७.२२		२७,६९,०१,६४७.२२	२७,२०,४१,४८६.४९		२७,२०,४१,४८६.४९	
			२१००० पारिश्रमिक / सुविधा	१८	१४,६७,४०,०००	१२,०१,८०,६६२.९२	०	१२,०१,८०,६६२.९२	११,४५,३८,०९२.१५	०	११,४५,३८,०९२.१५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	७,८८,२०,५१७	६,३१,१९,४८४.१३	०	६,३१,१९,४८४.१३	७,१६,१५,८२८.७९	०	७,१६,१५,८२८.७९	
			२५००० सहायता (Subsidy)	१८	३५,०७,०००	३२,३४,५०६	०	३२,३४,५०६	९,४८,२५०	०	९,४८,२५०	
			२६००० अनुदान	१८	२९,१७,०००	२३,५७,२११	०	२३,५७,२११	३१,८७,६००	०	३१,८७,६००	
			२७००० सामाजिक सुरक्षा	१८	१,०१,२६,०००	६१,८५,९९८	०	६१,८५,९९८	३३,५६,९९७	०	३३,५६,९९७	
			२८००० अन्य खर्च	१८	१२,१५,०००	९,८३,०४५	०	९,८३,०४५	१७,५८,७६५	०	१७,५८,७६५	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	९,८३,९१,४३६	८,०८,४०,७४०.१७	०	८,०८,४०,७४०.१७	७,६६,३५,९५३.५५	०	७,६६,३५,९५३.५५	
			घ. अन्य भूक्तानी		२०,००,०००	७,७८,४०७.८९		७,७८,४०७.८९	२८,३३,१६,९१७.९९		२८,३३,१६,९१७.९९	
			कोषहरु		२०,००,०००	७,५९,६५५	०	७,५९,६५५	६१,९९,४३१.५०	०	६१,९९,४३१.५०	
			धरौटी		०	६५,०००	०	६५,०००	१,७६,०००	०	१,७६,०००	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	
			कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-४६,२४७.११		-४६,२४७.११				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

ङ. यो वर्षको बचत (न्युन)		(१,९१,५५,४३६)	४२,११,२२२.०५		४२,११,२२२.०५	१,३६,८०,९९९.८५		१,३६,८०,९९९.८५
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२,००,२८,०७३.३३		२,००,२८,०७३.३३	१,३५,९४,२२४.१५		१,३५,९४,२२४.१५
वर्षान्तको बाकी रकम (ङ + च)		(१,९१,५५,४३६)	२,४२,३९,२९५.३८		२,४२,३९,२९५.३८	२,७२,७५,२२४		२,७२,७५,२२४
बैंक तथा नगद बाकी	२४		२,४२,३९,२९५.३८		२,४२,३९,२९५.३८	१,९९,६८,६९७.९१		१,९९,६८,६९७.९१

अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फ

विवरण	आय	विवरण	खर्च
सामाजिक सुरक्षा	६७८०८९४९.६४	सामाजिक सुरक्षा	६७८०८९४९.६४
एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	११७५३१५५	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	११७५३१५५
जम्मा	७९५६२१०४.६४	जम्मा	७९५६२१०४.६४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**आन्तरिक नियन्त्रण प्रणाली** • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन। • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन। • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो। • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन। • पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो। • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन । • कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४को नि ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रवाहको अभिलेख व्यबस्थापन नगरेको, • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको • सामाजिक सुरक्षा वितरण भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको। • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको। • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको। • विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,	
५			**वित्तीय विवरण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् : • सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ती तर्फ रु.२८०२५९४९२।३२ देखिएकोमा एकीकृत आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु.२२५९५८८३१।१९, बाँडफाँडबाट प्राप्त रकम रु.५१२४१०३४।६३ र आन्तरिक आम्दानी रु.३४११६२६।५० समेत रु.२८०६११४९२।३२ हुने देखिन्छ । जस अनुसार सुत्रले तयार गरेको म.ले.प.फा.२७२ मा रु ३५२००० सुत्रले कम देखाएको छ । जुन रकम पि एल जि एस पि बाट आएकोमा सुत्रमा आम्दानी नबाधेको कारणले फरक परेको देखिन्छ । सुत्रले तयार गरेको म.ले.प.फा.२७२ अनुसार अन्य प्राप्तिमा प्रकोप कोषको रु.१६३१७८४।८४ देखिन्छ भने धरौटी तर्फ आम्दानी भएको देखिएन । एकीकृत आर्थिक विवरण अनुसार प्रकोप कोषको रकम रु १६३१७८४।८४ नै देखिएको छ । सोही अनुसार हिसाब समायोजन गरेको छ । • पालिकाको म.ले.प.फा.२७२ को संचित कोषको भुक्तानीतर्फ रु.२७५९०१६४७।२२ र अन्य भुक्तानीमा रु ७७८४०७।८९ देखिन्छ भने एकीकृत आर्थिक विवरण अनुसार संचित कोषको भुक्तानी रु.२७६९०१६४७।२२ तथा अन्य भुक्तानी रु.७७८४०७।४९ नै देखिन्छ । सोही अनुसार हिसाब समायोजन गरेको छ । • यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.७ करोड ९५ लाख ६२ हजार १०४ समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गत वर्षको जिम्मेवारी: पालिकाले म.ले.प प्रतिवेदन अनुसार संचित कोष तथा अन्य विभिन्न कोष समेत गरी रु.२७३९४००० उल्लेख भएकोमा यस वर्ष रु.२१६५९८५८।१७ अल्या गरेको देखिन्छ । जस अनुसार रु.५७३४१४१।८३ फरक परेको देखिन्छ । फरक रकमको सम्बन्धमा पालिकाले रकम एकीन गरी वास्तविक रकम अल्या गर्नुपर्ने देखिन्छ । **बैंक मौज्दात:** प्रमाणित एकिकृत आर्थिक विवरणमा संचित कोष तथा अन्य विभिन्न कोषहरुको समेत गरी बैंक मौज्दात रु.२४५९७२९५।३८ देखाएकोमा सुत्रको म.ले.प.फा.न २७२ मा रु.२४२३९२९५।३८ देखिन्छ।एकिकृत आ.वि. सुत्रको म.ले.प.फा.न २७२ मा रु.३५८००० फरक परेको देखिन्छ । जुन रकम पि एल जि एस पि बाट आएको रु.३५२००० र धरौटी प्राप्ती रु.६००० सुत्रमा आम्दानी नबाधेको कारणले फरक परेको देखिन्छ । साथै बैंक स्टेटमेन्ट अनुसार बैंक मौज्दात रु.२५१२९४१६।४० देखिन्छ । जस अनुसार रु ५३२१२१।०२ एकीकृत आर्थिक विवरणमा भन्दा बढी रकम बैंकमा जम्मा भएको देखिन्छ । उक्त रकम रिटेन्सन मनि बैंकमा जम्मा भएको तर यस आर्थिक वर्ष धरौटीमा आम्दानी नबाधेको कारणले फरक परेको पालिकाले जनाएको छ । वास्तविक बैंक मौज्दात एकीन गरी आगामी आर्थिक वर्ष अल्या गर्नुपर्ने देखिन्छ ।	
६			**खर्च विश्लेषण** पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.३४११६२६।५० राजस्व बाँडफाँड रु.५१२४१०३४।६३ र अनुदानबाट रु.२२५९५८८३१।१९ समेत रु.२८०६११४९२।३२ आम्दानी भएकोमा चालुतर्फ रु.१९६०६०९०७।०५ र पूँजीगततर्फ रु.८०८४०७४०।१७ समेत रु.२७६९०१६४७।२२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।२३ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.७१८७५३३ खर्च भएको छ जुन आन्तरिक आयको २१०।६८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९।८७ प्रतिशत चालु र ३०।१३ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ	
७			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७८।०३।१० गते रु.३१ करोड ३६ लाख १४ हजारको बजेट सभा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			समक्ष पेश गरेकोमा २०७८।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तह प्रमुखले २०७८।३।१० मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।	
८			**तलवी प्रतिवेदन** निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० को मिति २०७६।५।१८ को पत्र अनुसार नेपाल सरकार माननिय मन्त्रि स्तरको निर्णय बमोजिम स्थानीय तहका कर्मचरी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने निर्देशन भएको र कार्यालयले तलवी प्रतिवेदन पास गर्नका लागि कोलेनिकामा पेश गरेको भएतापनि कोलेनिकाले पास गरेको देखिएन । यस वर्ष पालिकाले तलबी प्रतिवेदन पास नगरी वर्षभरीमा गाउँपालिकातर्फ रु.१ करोड ३ लाख २१ हजार खर्च र स्वास्थ्य शशर्तको १ करोड ६२ लाख ६६ खर्च र शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पास नगरी शिक्षा तर्फ रु.६ करोड ६१ लाख ९७ हजार गरी कुल तलबी प्रतिवेदन पास नगरी रु.९ करोड २७ लाख ८४ हजार खर्च गरेको देखियो। जिम्मेवार निकायले तलबी प्रतिवेदन पास गर्नेतर्फ ध्यान दिनुपर्छ ।	
९			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस ५२९, घरबाटो सिफारिस ७१, घर जग्गा सिफारिस ७८, विवाह १९५, सम्बन्ध विच्छेद १९, जन्म तथा मृत्यु दर्ता ७३२, वसाईसराई ४६ दर्ता गरेको पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।	
१०			**कानून र सञ्चालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यस वर्ष पनि कुनै मुद्दा दर्ता नभएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ। समाजमा लुकेर रहेका विबाद तथा झैझगडालाई न्यायको पहुँचमा ल्याई न्याय सम्पादन प्रक्रियालाई ऐन बमोजिम कारबाही किनारा गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।	
१२			**क्षेत्रगत बजेट र खर्च** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२१९२००००	१७७९७६८८	६.४३
सामाजिक क्षेत्र	१३९५४१०१५	१२२७७४०९२	४४.३४
पूर्वाधार विकास क्षेत्र	७०५४७१२१	५६४०९८१७	२०.३७
वित्तीय व्यवस्थापन र सुशासन	२३२९०००	१६५९६८३	०.६०
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१०७३७९८१७	७८२६०३६६	२८.२६
जम्मा	३४१७१६९५३	२७६९०१६४७	१००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**चौमासिक पूँजीगत खर्च** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कूल खर्च	चौमासिक खर्च (रु.हजारमा)	आषाढ महिनाको मात्र खर्च

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td></td></tr>
<tr><td></td><td>विभिन्न</td><td>८०८४१</td><td>३६७९</td><td>२२४६६</td><td>५४६९६</td><td>३०७५९</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>४.५५</td><td>२७.७९</td><td>६७.६६</td><td>३८</td></tr>
</table>
उपरोक्त विवरण अनुसार बिभिन्न व.उ.शी.नं. मा यस वर्ष रु.८ करोड ८ लाख ४१ हजार खर्च भएको मध्ये तेस्रो चौमासिकमा मात्र ६७.६६ प्रतिशत र आषाढमा ३८ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
योजना र कार्यान्वयन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>सि न</th><th>विवरण</th><th>योजना संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>१ लाख भन्दा कमको योजना</td><td>४३</td><td>३६१६५८०</td></tr>
<tr><td>२</td><td>१ लाख देखि पाँच लाख सम्मका योजना</td><td>७९</td><td>१९९४१०७३</td></tr>
<tr><td>३</td><td>५ लाख देखि १० लाख सम्मका योजना</td><td>१७</td><td>१२४७११४२</td></tr>
<tr><td>४</td><td>१० लाख एक देखि ५० लाख सम्मा योजना</td><td>७</td><td>१५३९५२६९</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजनाहरु</td><td>४</td><td>२८३९१७८८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५०</td><td>७९८१५८५२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>खाना तथा विविध खर्च
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष पालिकाले वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा विविधतर्फ मात्र रु. १९ लाख ७८ हजार खर्च गरेको छ । पालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति सँख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । पालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरी बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।प्रयोजन बेगरको खाजाखानाको उदाहरणहरु निम्न छनः
<table>
<tr><th>भौचर नं</th><th>भुक्तानी पाउने</th><th>खर्च विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२०९।०७८।१२।१३</td><td>घलेज होम होटल एण्ड रेष्टुरेन्ट</td><td>खाजा खाना विल भुक्तानी</td><td>१७१४८०</td></tr>
<tr><td>३००।०७९।२।३१</td><td>घलेज होम होटल एण्ड रेष्टुरेन्ट</td><td>खाजा खाना विल भुक्तानी</td><td>४०४००</td></tr>
<tr><td>२०९।०७८।१२।१३</td><td>होटल लायन स्टार एण्ड लज</td><td>खाजा खाना विल भुक्तानी</td><td>८२१२५</td></tr>
<tr><td>२९२।०७९।२।२१</td><td>होटल लायन स्टार एण्ड लज</td><td>खाजा खाना विल भुक्तानी</td><td>७४३९५</td></tr>
<tr><td>२७७।०७९।२।६</td><td>सुदर्शन किनारा पसल एण्ड होटल</td><td>किनारा सामाग्री खरिद</td><td>६२१२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>गत आवको भुक्तानी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) विनियोजित बजेट नपुग भएमा भुक्तानी दिन बाँकीको विवरण आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी भुक्तानी दिन मिल्ने व्यवस्था गरेको छ ।पालिकाले गत आवमा भुक्तानी दिने रकम अपुग भएकाले भुक्तानी दिन दायित्व सिर्जना भएको भनि सभाबाट भुक्तानी दिन बाँकीको विवरण पारित गरी रु. ५ लाख ५२ हजार रकम भुक्तानी दिएको देखिन्छ । पालिकाले स्रोतको सहि अनुमान गर्दै बजेट तयार गर्दै जुन आ व को लागि बजेट छुट्याएको हो सोही आवमा काम सक्ने र भुक्तानी दिने तर्फ ध्यान दिनुपर्छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३६ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>दरवन्दी वाहिरको करार सेवा
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३२ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.६२ लाख ५७ हजार खर्च लेखेको छ । शशर्त तर्फ ३३ जना कारार कर्मचारीमा खर्च रु.९७ लाख ९६ हजार त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । १० जना कर्मचारी दरबन्दी बाहिर राखि पालिकाले रु.२०८१८७० खर्च गरेको देखिएकाले नियम सम्बत नदेखिएको रु
<table>
<tr><th>सि नं</th><th>कर्मचारीको नाम</th><th>कार्यरत पद</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>नितु गुरुङ</td><td>ल्याब असिष्टेन्ट</td><td>३५९९३०</td></tr>
<tr><td>२</td><td>शेष कुमारी गुरुङ</td><td>सहायक कम्प्युटर अपरेटर</td><td>३५९९३०</td></tr>
<tr><td>३</td><td>हुम कुमारी गुरुङ</td><td>हेल्पर</td><td>२२१०००</td></tr>
<tr><td>४</td><td>दिनेश विक (चैत्रमा स्थायी नियुक्ती पछि दरबन्दी बाहिर रहेको)</td><td>अ हेव</td><td>८५८३०</td></tr>
<tr><td>५</td><td>स्मृति गुरुङ (चैत्रमा स्थायी नियुक्ती पछि दरबन्दी बाहिर रहेको)</td><td>अ न मी</td><td>८५८३०</td></tr>
<tr><td>६</td><td>मनिषा गुरुङ (चैत्रमा स्थायी नियुक्ती पछि दरबन्दी बाहिर रहेको)</td><td>अ न मी</td><td>८५८३०</td></tr>
</table></td><td>२०८१८७०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>मिना गुरुङ (चैत्रमा स्थायी नियुक्ती पछि दरबन्दी बाहिर रहेको)</td><td>अ न मी</td><td>८५८३०</td></tr>
<tr><td>८</td><td>सरिता गुरुङ (चैत्रमा स्थायी नियुक्ती पछि दरबन्दी बाहिर रहेको)</td><td>अ न मी</td><td>८५८३०</td></tr>
<tr><td>९</td><td>निशा गुरुङ</td><td>अ हे व</td><td>३५५९३०</td></tr>
<tr><td>१०</td><td>गोपिनी गुरुङ</td><td>अ हे व</td><td>३५५९३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२०८१८७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कल्याण कोष
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाडफाडबाट कर्मचारी कल्याण कोषमा रु.५ लाख रकम ट्रान्सफर गरेको छ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण खर्च
भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२८ लाख ७३ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>आर्थिक सहायता
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस सामाजिक सुरक्षा र उद्दार राहत तथा पुनस्थापना खर्च भनी रु.१३ लाख ७१ वितरण गरेका छ। । केही गोश्वारा भौचरको नमूना छनौट गर्दा कार्यालयले विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वितरण गरेको छ । कार्यालयले</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक सहायता वितरणको मापदण्ड र कार्यविधि तर्जूमा नगरी वितरण कार्य गरेकोले यस्ता प्रकारका खर्चहरु नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरुः
<table>
<tr><th>भौ नं /मिति</th><th>सहायता प्राप्त गर्ने व्यक्ति संस्था</th><th>सहायता रकम</th></tr>
<tr><td>२९६।०७९।२।३१</td><td>शान्ति गुरुङ</td><td>३००००</td></tr>
<tr><td>३५१।०७९।३।१९</td><td>टेक बहादुर गुरुङ</td><td>५००००</td></tr>
<tr><td>२५९।०७९।१।८</td><td>सुर्य बहादुर गुरुङ</td><td>१०००००</td></tr>
<tr><td>७।०७८।५।२९</td><td>चन्द्र बहादुर गुरुङ</td><td>३००००</td></tr>
<tr><td>३१।०७८।३।२१</td><td>लमजुङ टेलरिङ व्यवसाय संघ</td><td>३००००</td></tr>
<tr><td>४७।०७८।७।१०</td><td>जिल्ला प्रहरी कार्यालय</td><td>३००००</td></tr>
<tr><td>१९४।०७८।१२।१</td><td>डली कामी</td><td>५००००</td></tr>
<tr><td>७७।०७८।८।१५</td><td>लिस्नो साहित्यीक मञ्च</td><td>५००००</td></tr>
<tr><td>२१६।०७८।१२।१५</td><td>मोहन गुरुङ</td><td>१०००००</td></tr>
<tr><td>३१३।०७९।३।६</td><td>वेल प्रसाद गुरुङ</td><td>५००००</td></tr>
<tr><td>३६२।०७९।३।२०</td><td>डिल बहादुर गुरुङ</td><td>५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>अनुत्पादक तथा वितरणमुखी खर्च
सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु ३०४४९७५ खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><th>भौचर नं</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>३६१।०७९।३।२०</td><td>पर्यटन व्यवस्थापन समिति</td><td>खुसीगाउँ घोषणा कार्यक्रम</td><td>२०००००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२४०।०७९।१।६	ध्याब्रे गुरु सामान खरिद	कपडा लगायतका सामान खरिद	५००००
२९०।०७९।२।३१	तमु प्ये ल्हु संघ	कोइ बोधी कार्यक्रम संचालन	५००००
२९५।०७९।३।३१	उत्तरकन्या युनाइटेड युवा क्लब	खेलकुद कार्यक्रम संचालन	१०००००
३७०।०७९।३।२०	सामुदायिक रापासिङ होमस्टे	फर्निचर खरिद	१०००००
३७७।०७९।३।२१	श्री गिलुङ्ग साँस्कृतिक संरक्षण समिति	विभिन्न बाजाका सामाग्री खरिद	१५००००
२१४।०७८।१२।१४	खेलकुद विकास समिति क्व्होलासोथार	खेलकुद कार्यक्रम संचालन	७००००
१२०।०७८।९।२०	पर्यटन व्यवस्थापन समिति	होमस्टेको खाट निर्माण र ढुवानी	१५००००
१३९।०७८।१०।७	त्रिवेणी युवा क्लब	खेलकुद कार्यक्रम संचालन	१५००००
२८।०७८।११।३	लालि गुँरास युवा क्लब		५०००००
६१।०७८।१२।१४	सितलडाँडा भान्छाघर निर्माण उपभोक्ता समिति		३०००००
६३।०७८।१२।१४	वजारटोल भान्छा घर निर्माण उपभवक्ता समिति		१९२०००
६४।०७८।१२।१४	कपुरगाँउ दलित टोल भान्छा घर		२०००००
६९।०७८।१२।१६	वडा नं ४ नौमति बाजा खरिद		६४९७५
११८।६९।२।३१	कुम्लुङ चर्च शौचालय निर्माण		१४४०००
१३०।०७९।३।३	छापा आमा समुह किचन निर्माण		४८००००
१३६।०७९।३।१३	भगवति युवा क्लब तरबार निर्माण		९६०००
१३७।०७९।३।१३	दलित चिहान घर निर्माण		४८०००
जम्मा			३०४४९७५

२३			**व्यवसाय कर**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार संचलान ऐन,२०७४ को दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा पालिकाले दर्ता तथा नविकरण गरेको रकम दाखिला राजस्वको software मा देखिएतापनी कुल व्यवसाय दर्ता गर्ने, नविकरण गर्ने तथा बाँकिको विवरण SYSTEM बाट देखिदैन । राजस्वको software मा नविकरण गर्ने, दर्ता गर्ने, वार्षिक कर नतिर्ने, समयमा नतिरेको कारण जरिवाना लगाएका करदाता आदिको छुट्टछुट्टै अभिलेख देखिने गरी राजस्वको software राख्नुपर्ने देखिन्छ। पालिकामा २८३ व्यवसाय दर्ता भएकोमा ४८ व्यवसाय नविकरण भई रु.३२६०० राजस्व संकलन भएको छ । बाँकी २१७ व्यवसाय नविकरण हुन सकेको छैन जसबाट अनुमानित रु.१३०२०० राजस्व संकलन हुने देखिन्छ । पालिकाले नविकरण नभएका व्यवसायलाई नविकरण गरी राजस्व संकलन गर्नेतर्फ ध्यान दिनुपर्छ ।	
२४			**राजस्व अनुमान तथा असुली** पालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू.३३००००० राजस्व संकलन हुने अनुमान गरेकोमा पालिकाबाट प्राप्त अभिलेख अनुसार यस वर्ष रू.३४११६२६ संकलन भएको देखिन्छ । पालिकाले गरेको अनुमानको तुलनामा १०३।३८ प्रतिशतमात्र राजस्व आम्दानी भएको देखिन्छ । अनुमानित राजस्वको दर बढाउदै सो उठाउनेतर्फ पालिकाले ध्यान दिनुपर्छ ।	
२५			**घटी कर** आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा भाडामा १० प्रतिशत कर कट्टा गर्नुपर्ने उल्लेख छ । १९३।०७९।३।२४ गा.पा. अध्यक्षलाइ गाडी सुबिधा दिएबापत टेक प्रसाद गुरुङसँग सवारीका लागी गाडि भाडामा लिएबापत रु १४६६७४ भुक्तानी गरेको देखिन्छ । उक्त कार्यमा कार्यालयको लागी मर्मतमा भएको पुष्टी हुने आधार पेश गर्नुपर्नाको साथै १० प्रतिशत सवारि भाडा कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्रै कट्टा गरेकोले नपुग रकम रु १३२००।४० असूल गर्नुपर्ने रु	१३,२००
२६			**घर वहाल कर** आर्थिक ऐन, २०७७ बमोजिम घरधनिले वहालमा लगाएको संझौतामाउल्लेख गरेको रकमको १० प्रतिशत वा नगरवाट निर्धारित न्युनतम तोकिएको रकममा जुन वढी हुन्छ वढी रकमको आधारमा वहालकर लगाइने उल्लेख छ। कार्यालयले वहाल कर वुझाउन आउने करदाता वाहेक अन्यलाइ करको दायरामा ल्याएको छैन भने ल्याउन प्रयास समेत गरेको देखिदैन। अनिवार्य रुपमा तिर्नुपर्ने कर्पोरेट करदाताहरुवाट प्राप्त भएको घरवहाल रकम मात्र घरधनीहरुले तिर्ने गरेको अवस्था छ। तिर्नुपर्ने कति हो र तिरेको कति हो सो को अभिलेख कार्यालयले नराखी वहाल कर पुस्तिकामा चढाएर सोझै धरधनिलाई दिएको अवस्था छ। यस वर्ष पालिकाले घर बहाल कर रु.१ लाख ४५ हजार उठेको रेकर्ड पेश गरेको छ । पालिकाले वहालकरलाई व्यवस्थित गरी आन्तरिक आय वृद्धि गर्नेतर्फ जोड दिनुपर्ने देखिन्छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम</td><td></td></tr>
<tr><td>२७. १</td><td></td><td></td><td>नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धि ऐन २०७५ बमोजिम उपयुक्त सुरक्षित र बातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्न गरिबिको रेखामुनि रहेका , प्रकोपका कारण घरबार बिहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्रिहरु खरिद गरि पराल वा खरको छाना भएका घर परिवारलाइ जस्ताको छानामुनि ल्याउने उदेश्यले यो कार्यक्रम संचालन भएको र कार्यक्रम कार्यान्वयन गर्नको लागि सुरक्षित नागारिक आवास कार्यबिधि २०७५ लागु गरेको देखिन्छ । गाउपालिका अन्तर्गत फुसको छाना बिस्थापित गराउने गरि ७४ जना लाभग्राहि छनोट भइ पुरैले अनुदान रकम रु ५०००० मध्ये प्रथम किस्ता बापत रु ३०००० र दोश्रो किस्ता बापत रु २०००० प्राप्त गर्ने उल्लेख छ । सुरक्षित नागरिक आवास कार्यान्वयन कार्याबिधि २०७५ बमोजिम प्रथम किस्ता प्राप्त गरेको तर सो रकमले जस्तापाता र काठ लगायत का सामाग्री खरिद गरि दोश्रो किस्ता दिनुपर्ने उल्लेख छ । प्रथम र दोश्रो किस्ता दुबै लैजाने ७१ जना भएकोले प्रथम किस्ता लैजाने तर दोश्रो किस्ता नलैजाने ३ जना रहेको देखियो ।</td><td></td></tr>
<tr><td>२७. २</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यान्वन कार्यविधि २०७५ को दफा ६ मा अनुदान रकम जुन प्रयोजनको लागि अनुदान उपलब्ध गराएको हो सोहि प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराएको मितिले तिन महिना भित्र नगरेमा लाभग्राहिबाट अनुदान रकम स्थानिय तहले असूल उपर गर्नुपर्ने उल्लेख गरेकोले प्रथम किस्ता लिएका ३ जनालाइ दोश्रो किस्ता भुक्तानी नगरेकोले प्रथम किस्ताको रु ३०००० का दरले असूल गर्नुपर्ने रु</td><td>९०,०००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>एकै समयमा ३ वटा बैठक
अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका बमोजिम कार्यालय समयभन्दा अघि र पछि बसेका बैठकको बैठकभत्ता भुक्तानी गर्न सकिने व्यवस्था छ । सामान्यतया एकै समयमा १ भन्दा बढी संख्यामा बैठक बस्न सकिदैन । तर भौचर नं २१२।०७८।१२।१३ बाट मिति २०७८।८।२९ अपराहन्न ५ बजे Procurement of construction of salme Ghamrang pasgaun motarbato nirman सम्बन्धि ३ वटा बैठक बसेको एकै समयको विभिन्न निर्णय गरेको बैठकको माइन्युट राखि बैठक भत्ता भुक्तानी लिएको देखिएकाले एकै समयको बढी भएको २ वटा बैठकको भत्ता असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>कर्मचारीको नाम</th><th>बैठक संख्या</th><th>कर पछिको बढी रकम</th></tr>
<tr><td>१</td><td>त्रिलोकचन्द्र गुरुङ</td><td>२</td><td>१७००</td></tr>
</table></td><td>१०,२००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२</td><td>जिवन शर्मा</td><td>२</td><td>१७००</td></tr>
<tr><td>३</td><td>प्रज्वल देवकोटा</td><td>२</td><td>१७००</td></tr>
<tr><td>४</td><td>प्रकाश शेरचन</td><td>२</td><td>१७००</td></tr>
<tr><td>५</td><td>चित्र घले</td><td>२</td><td>१७००</td></tr>
<tr><td>६</td><td>कवी रानाभाट</td><td>२</td><td>१७००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०२००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>गाडी भाडा
१९०।०७९।३।२४ बाट आब ०७८।७९ को सबै वडामा (१-९) सम्मका र गाउपालिकाको कार्यालयबाट संचालित योजनाहरुको अनुगमन गर्न गाडि भाडामा लिए बापत ना.सु. चित्र घलेलाइ गाडी भाडाको रकम भुक्तानी गरेबापत रु ८०००० भुक्तानी गरेकोमा अनुगनको रिपोर्ट पेश नभएको, गाडी धनि सग भएको सम्झौता नभएको, सवारी चढनेले लगसिट प्रमाणित बेगरको खर्च पुष्टि हुन नसक्ने रु</td><td>८०,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>स्थानीय भत्ता कट्टा नगरेको
पालिकाको कर्मचारी जस बहादुर गुरुङ गण्डकी प्रदेश प्रशिक्षण तालिम केन्द्रमा मिति २०७८।९।१९ देखि २०७८।१०।२४ सम्म सेवाकालिन तालिम लिन गएको भ्रमण भत्ता लिएको तर निजको तालिम अवधिको स्थानीय भत्ता कट्टी नगरेको देखिएकाले १ महिनाको स्थानीय भत्ता असुल गर्नुपर्ने देखिएको रु.</td><td>२,९५०</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>मालिङ खानेपानी योजना
भौ नं १६२।२०७९।३।२१ बाट मालिङ खानेपानी योजनाको लागि गोरखकाली व्रदर्श कन्सट्रक्सन्सलाई अन्तिम विल अनुसार रु ७७५८९४६।१८ मध्ये ५० प्रतिशत लागत अनुसार रु ३८७९४७३ गाँउपालिका वजेटबाट खर्च लेखुपर्नेमा रु १३६०८३।६० कन्टिन्जेन्सी समेत लेखी रु ३९४७५१५ खर्च लेखाङ्कन गरेकोले रु १३६०८३।६० बढी खर्च लेखाङ्कन गरेको अनियमित देखिएको रु</td><td>१३६०८३.६</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>मु.अ.कर समायोजन
मु.अ.कर नियमावलीको नियम ६ ग बमोजिम कर समायोजन हुनुपर्दछ। ६।२०७८।१२।१० बाट चिम्रो खोला तोदे झोलुङ्गेपुल निर्माणको लागि रु ३९६५७८४ को ६ प्रतिशत रकम लागत अनुमान तयार गर्ने गैर सरकारी संस्था सामुदायिक विकास केन्द्र लमजुङको रु</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			१८८२१६।११ सेवा शुल्क वापत भुक्तानी गर्दा मू.अ.कर नियमावली, २०५३ को नियम ६ ग वमोजिम भुक्तानी भएको मू.अ.कर रु २१६५३।१८ को ३० प्रतिशतले हुने रु ६४९५।९५ कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कट्टा नगरेकोले उक्त मू.अ. कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु	६४९५.९५
३३			**गुणस्तर तथा स्पेशिफिकेसन** गुणस्तर तथा स्पेशिफिकेसन तोकिएकोमा सोही अनुसार गर्नुपर्दछ । २८।२०७९।३।२३ बाट नविकरणीय उर्जा प्रविधि जडान गर्नको लागि प्राप्त वजेटबाट वडा नं १,३,४,५ र ९ वडा कार्यालयहरुमा विधुत सेवामा समस्या आई कार्यालयको कार्यमा वाधा परेकोले नविकरणीय उर्जा प्रविधि जडान गर्न सामान खरिद गरेवापत मर्स्याङ्दी उर्जा प्रा लि लाई रु ४८१९३६ भुक्तानी गरेको देखियो। नविकरणीय उर्जाको लागि निश्चित स्पेशिफिकेशन वमोजिमको सामान आवश्यक पर्ने हुनाले खरिद गरिएका सामानहरु तोकिए वमोजिमको स्पेशिफिकेशन वमोजिम एवं वारेण्टी पिरियड खुलाई आम्दानी बाध्नु पर्नेमा सो गरेको नदेखिनुको साथै सम्वन्धित वडा कार्यालय एवं प्राविधिक पुष्टयाई सहित कार्य गुणस्तर प्रमाणित हुनुपर्ने रु	४८१,९३६
३४			**इन्डक्सन चुलो वितरण** २९।२०७९।३।२३ ८ वटा वडाहरुमा १७१ घरधुरी होमस्टे संचालनमा आएको र पर्यटकलाई सहज रुपमा व्यवस्थापन गर्न सहयोग पुग्ने उद्देश्यले उत्कृष्ट होमस्टे व्यवसायी र गाँउपालिका भित्र वसोवास गर्ने नागरिकलाई वितरण गर्न ईन्फारेटेड इण्डक्सन चुलो २७ थान वितरण गर्नका लागि पि वि सप्लायर्स लमजुङलाई रु २९६२५२ खर्च गरी भुक्तानी गरेको देखिन्छ। उक्त चुलो लाभग्राही समुदायलाई वितरण गरेको प्रमाण एवं लाभग्राही छनौटको आधार एवं निर्णय पेश हुनुपर्ने रु	२९६,२५२
